# गाउँसभाको बैठकमा

## उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्यू द्वारा प्रस्तुत

## आ.व. २०७५/०७६ को

# जोरायल गाउँपालिकाको नीति तथा कार्यक्रम

जोरायल गाउँपालिका

जोरायल गाउँ कार्यपालिकाको कार्यालय

रावतकट्टे, डोटी

२०७५/०३/१०

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

वडा अध्यक्षज्यूहरु,

कार्यपालिका सदस्यज्यूहरु,

गाउँसभाका सदस्यज्यूहरु ।

1. गाउँसभाको यो बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु ।
2. मलुक स्थिरता तर्फ अग्रसर हुदै गर्दा यस जोरायल गाउँपालिकाले समेत परिवर्तनको अनुभुति गर्न थालेको छ। यस गाउँपालिकामा स्थानिय तहको निर्वाचन भए पश्चात सबै समस्याको समाधान नभएता पनि कम्तिमा समस्याका क्षेत्रहरुको पहिचान भएका छन् । जनताका इच्छा र आकांक्षाहरुले मूर्त रुप लिने सुखद अवस्था सृजना भएको छ । यस अवसरमा म नेपालमा  लोकतान्त्रिक व्यवस्थाका लागि नेपाली जनताले गर्दै आएको आन्दोलन, देशलाई यस स्थितमा ल्याइपुर्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञातअज्ञात व्यक्तिहरुलाई सम्झन चाहन्छु । संघीयता र स्थानीय सरकार मार्फत दिगो शान्ती, सुशासन, विकास र समुद्धिको आकांक्षा पुरा जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई जनतालाई अधिकारसम्पन्न  तथा वास्तविक अर्थमा सार्वभौम बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।
3. अवका दिनमा जोरायल गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारितर यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ । यसका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा जोड दिइनेछ। साथै विकास साझेदारका रुपमा रहेका

संघ-संस्थालाई समेत प्रभावकारी ढंगले परिचालन गरिनेछ । विकास नीति, रणनीति, कार्यनीति, सेवाप्रवाह, अनुगमन र मूल्याङ्कनलाई नतिजामूखी र जनमैत्री बनाईनेछ ।

4. जोरायल गाउँपालिकाको अर्थतन्त्रलाई उत्पादनमुखी र राजगारी प्रवर्द्धक बनाउन कृषि, पशुपालन तथा लघु,साना,घरेलु र मझौला उद्योगलाई विशेष प्राथमिकता दिइने छ ।

5. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । कृषि क्षेत्रलाई निर्वाहमुखिबाट व्यवसायमुखि बनाउदै यस क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न प्रोत्साहित गरिनेछ । प्रत्येक वडामा बाली तथा वस्तुको व्यावसायिक उत्पादन हुने क्षेत्र पहिचान गरी कृषि पकेट क्षेत्र घोषणा गरिनुका साथै कृषकलाई एकिकृत सेवा सर्वसुलभ रुपमा प्रदान गरिने छ । कृषि उत्पादनलाई चाहिने मल, बीऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु कृषि विकास शाखाबाट उपलब्ध गराइनेछ ।

6. मौसमी बेमौसमी तरकारी उत्पादनलाई जोड दिइनेछ । यसका लागि टनेल खेती र सिंचाइ विकास र व्यवस्थापनमा कृषक तथा उपभोक्ताको पहुँच बढाउदै लगिनेछ । माटो परिक्षण कार्यक्रमलाई थप व्यवस्थि बनाउदै कृषकहरुलाई माटो स्वास्थ्य प्रमाणपत्र उपलब्ध गराइनेछ । साथै सामुहिक कृषि प्रणालीलाई समेत प्रोत्साहित गरिने छ ।

7. पशुजन्य उत्पादनका कार्यक्रमलाई विशेष महत्व दिइनेछ । जोरायल गाउँपालिका क्षेत्रमा अधिक सम्भावना रहेको व्यवसायिक बाखापालन लाई प्रवर्द्धन गरि बाहिर जिल्लामा खसि बोका तथा बाखा निर्यात गर्ने लक्ष्य राखि बाखापालनमा अनुदान कार्यक्रम सञ्चालन गरिने छ । बोयर बाखापालन गरि हाल जोरायल गाउँपालिका प्रदेश नं. ७ को नै श्रोत केन्द्रको रुपमा रहेको अवस्थामा जोरायल गाउँपालिका वडा नं १ र २ मा रहेका बोयर बाखा श्रोत केन्द्रलाई व्यवस्थित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन् र थप श्रोत केन्द्र स्थापनाका लागी कार्यक्रम तर्जुमा गरिनेछ ।

8. हाल बजारमा भईरहेको मासुको माग र आयातलाई ध्यानमा राखि यस गाउँपालिकामा सञ्चालित विभिन्न कखुरापालन फार्मलाई व्यवस्थित गर्न कुखुरापालनमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ र मासु र अण्डा उत्पादन हुने ( डियोल परपोज) जातका कुखुरापालन लाई पनि संग संगै विकास गरि बढ्दो

अण्डाको आपुर्तिलाई घटाउन डियोलपरपोज जातका र स्थानिय जातका कुखुरापालन संग सम्बन्धित अनुदान तथा अन्य कार्यक्रम सञ्चालन गरिनेछ साथै बंगुरपालनमा पनि अनुदान प्रदान गरिनेछ ।

9. मौरीपालनलाई आधुनिक विज्ञान र परम्परागत ज्ञानको प्रयोग गरि व्यवसायिक रुपमा अगाडी बढाईने छ । साथै रेन्वो ट्राउट माछाको सम्भाव्यताको अध्ययन गरि वडा नं . ५ का साथै अन्य वडामा समेत कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ । दुग्ध उत्पादनको अधिक माग र न्युन आपुर्तिलाई मध्यनजर गरि उन्नत नश्लका जर्सि क्रस गाईका कोरेली ७५ % अनुदानमा वितरण गर्ने नीति लिइनेछ साथै डेरीलाई स्तरोन्नती गरिनेछ ।

10. खाद्य सुरक्षा र खाद्य सम्प्रभुता प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

11. औद्योगिक क्षेत्रमा लगानी आकर्षित गर्न आवश्यक नीतिगत, कानुनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयास गरिनेछन् । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछन् ।

12. पर्यटकिय क्षेत्रको पहिचान गरि ती क्षेत्रहरुमा आवश्यक पुर्वाधार निर्माण गरिनेछ । यस क्षेत्रमा रहेका ताल तलैया ,मठ मन्दिर र गुम्बाको संरक्षण गरिनेछ ।

13. शिक्षा र स्वास्थ्यमा लगानी गरिएमात्रै सभ्य, स्वस्थ्य र समुन्नत गाउँपालिका निर्माण गर्न सकिने तथ्यलाई हृदयंगम गर्दै यी क्षेत्रलाई विशेष प्राथमिकतामा राखिनेछ । प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुलाई स्रोत साधन सम्पन्न बनाइनेछ । यस गाउँपालिकामा प्रत्येक बालबालिकाले खोप पाउने सुनिश्चितता गरिनेछ ।

14. स्वास्थ्य सेवा प्रदायक सार्वजनिक, निजी र सामुदायिक संस्थाहरुसँग सहकार्य गरि आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ । अशक्त, असहाय र बेवारिसे मनोसामाजिक बिरामीहरुको उपचार र पुनर्स्थापना गरिनेछ। साथै आयुर्वेदीक चिकित्सा पद्धतिलाई समेत प्रोत्साहित गरिनेछ ।

15. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षकलाई तालिमको व्यवस्था गरिनुका साथै विद्यालयको भौतिक पुर्वाधार सुधार गरिनेछ । प्रत्यक वडामा १/१ वटा नमुना विद्यालय स्थापना गर्न न्यूनतम शर्तहरु हासिल गर्न विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ । विद्यालय छाड्ने कारणबारे अध्ययन अनुसन्धान गरी सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । औपचारिक शिक्षा छाडेका विद्यालय पढ्ने उमेरकालाई विद्यालय फर्काउन आवश्यक प्रयास गरिनेछ । प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालयलाई विशेष अनुदानको व्यवस्था गरिनेछ । जेहेन्दार र विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

16. विद्यालयहरुमा बालमैत्री संरचना निर्माणमा जोड दिइनुका साथै पुस्तकालय र प्रयोगशालाको प्रत्याभुति गर्न आवश्यक पहल गरिनेछ । विद्यालयलाई छात्रामैत्री बनाउन विद्यालयमा स्यानिटरी प्याडको व्यवस्था गरिनेछ । बालमैत्री स्थानिय शासन प्रणालीलाई समेत उच्च प्राथमिकतामा राखिने छ ।

17. दुई वर्ष भित्र जोरायल गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्ने लक्ष्य प्राप्त गर्न आ.व. २०७५/०७६ भित्र कम्तिमा पनि थप दुई वटा वडालाई साक्षर वडा घोषणा गरिनेछ । विद्यालयलाई Performance Based Grants को व्यस्था गरिनेछ ।

18. गाउँपालिकाका सम्पूर्ण वडाहरुमा स्वच्छ खानेपानीको लागि आवश्यक व्यवस्था मिलाइनेछ । सरसफाईलाई उच्च प्राथमिकतामा राख्दै **"हाम्रो जोरायल सफा जोरायल"** नाराका साथ स्वच्छता एवं सरसफाई अभियान सञ्चालन गरि सुन्दर ,स्वच्छ गाउँपालिका निर्माण गरिनेछ । गत वर्ष सर्भे गरिएका खानेपानी योजनाहरु सञ्चालनमा ल्याइनेछन र आवश्यकता अनुसार थप सर्भेका कार्य अगाडी बढाइनेछ ।

19. गाउँपालिकाको केन्द्र देखि सबै वडासम्म सडक विस्तार गरिनेछ । साथै अन्य सडक मार्ग एवम् शाखा सडक मार्गको स्तरोन्नती गरिनेछ ।

20. विद्युतको पहुँच नभएका स्थानमा विद्युतको विस्तार गरिनेछ । लघु जलविद्युत आयोजना लगायत वैकल्पिक उर्जाका कार्यक्रमका लागि

अनुदानको व्यवस्था गरिनेछ र ५ वर्ष भित्र जोरायल गाउँपालिकालाई उज्यालो गाउँपालिका घोषणा गर्ने दिशामा आवश्यक पहल गरिनेछ ।

**अध्यक्ष महोदय**,

21. मानवअधिकारको सम्मान एवम् सम्वर्द्धन गर्दै मानवअधिकारको प्रत्याभूति गरिनेछ । सुकुम्बासीहरुको तथ्याङ्क संकलन गरि सुकुम्बासी व्यवस्थापनको लागी आवश्यक पहल गरिने छ ।

22. लैंगिक समानता, महिला सशक्तिकरण र समावेशीकरण गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । साथै दलित, आदिवासि जनजाति, अपांग, गरिब, पिछडिएको वर्ग एवम् समुदायलाई सशक्तिकरण गरि मुल प्रवाहिकरणमा ल्याउन आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइनेछन् । महिला हिंसा, बाल विवाह, बहुविवाह, अनमेल विवाह, बोक्सी प्रथा र छाउपडि प्रथा जस्ता विकृतलाई उन्मुलन गर्न जोड दिइनेछ ।

23. हाम्रा मौलिक कला, साहित्य, संस्कृति, लोकदोहरी एवम् गीत संगीतको संरक्षण, संरक्षण र प्रवर्द्धन गरिनेछ ।

24. सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिलेखहरुलाई व्यवस्थित गर्न प्रविधिको प्रयोग गरिनेछ र बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने आवश्यक पहल गरिनेछ ।

25. भ्रष्टाचार विरुद्ध शुन्यसहनशीलताको नीति अवलम्बन गरिनेछ । कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

26. जनचाहना अनुरुप विकास गर्न तथा सार्वजनिक सेवा प्रवाह गर्न राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछन् ।

27. यस गाउँपालिकाका युवा-युवतीको क्षमता विकास हुने कार्यक्रम सञ्चालन गरि स्वरोजगार हुने तथा गाउँपालिकाको अर्थतन्त्रमा योगदान दिन सक्ने अवसर सिर्जना

गरिनेछ । खेलकुदमा पर्याप्त लगानी गरिनेछ खेलकुद मैदान निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

28. जोरायल गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्र विकासका लागी सम्बन्धित निकायसँग समन्वय गरि प्रत्येक वडामा सञ्चार तथा इन्टरनेटकको पहुँच सुनिश्चित गरिनेछ ।

29. वातावरण तथा जलवायुमैत्री पुर्वाधार विकासमा जोड दिइनेछ । जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । विपद व्यवस्थापन कोष मार्फत विपद पिडितलाई आवश्यक सहयोग गरिनेछ । विपद् पूर्वतयारी, खोज र उद्धार, राहत सामाग्रीको पूर्वभण्डारण, सुरक्षित स्थलको पहिचानलाई जोड दिदै प्रतिकार्य योजना बनाईनेछ ।

30. जैविक विविधताको संरक्षण र जलाधार संरक्षण र वनको वैज्ञानिक व्यवस्थापनलाई विशेष महत्वका साथ हेरिनेछ तथा समुदायसँग सहकार्य गर्दै साधन स्रोतको समुचित प्रयोग गरि दिगो र भरपर्दो विकास हाँसिल गर्ने तर्फ ध्यान दिइनेछ ।

31. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई जोरायल गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसकोलागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

32. अन्त्यमा, यस गाउँपालिकाको आर्थिक, सामाजिक विकासका विविध पक्षमा महत्वपुर्ण योगदान पुर्‍याउनु हुने सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गाउँपालिका बासिन्दाहरु, शुभेच्छुकहरु, मित्र राष्ट्रहरु, विभिन्न संघ-संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**